६५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५९/५०/२०७०/०७१

निर्णय नम्बर ३१

संखुवासभा जिल्ला, खाँदबारी नगरपालिका वडा नं. ३, स्थायी ठेगाना रहेका शेरबहादुर ढुङ्गाना .....१ पुनरावेदक

विरूद्ध

नेकपा एमाले केन्द्रीय कार्यालय, बल्खु काठमाण्डौका तत्कालीन अध्यक्ष श्री झलनाथ खनाल .......१ विपक्षी
नेकपा एमाले केन्द्रीय कार्यालय, बल्खु काठमाण्डौका सूचना अधिकारी ...............................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्नू ।

सङ्खुवासभा जिल्ला, खाँदबारी नगरपालिका वडा नं. ३ का शेरबहादुर ढुङ्गानाले राजनैतिक दल नेकपा एमालेको कार्यालयसँग सम्बद्ध सूचनाहरू पाँउ भनी सो दलको केन्द्रीय कार्यालयका सूचना अधिकारीलाई हुलाक मार्फत् निवेदन गरेकोमा निजबाट सूचना प्राप्त नभएपछि त्यसै दलका तत्कालीन केन्द्रीय अध्यक्ष श्री झलनाथ खनाललाई सम्बोधन गरी हुलाक मार्फत् नै मिति २०७०।१।१५ मा उजुरी गर्दा समेत सूचना प्राप्त नभएकाले माग गरेका सूचना दिलाई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१।२५ मा निजले पुनरावेदन गरेको । पुनरावेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।०२।१०, च.नं. १५७०, पु.च.नं.४२७ को पत्रबाट पत्राचार भएकोमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म उजुरीकर्ताले सूचना पाइन भनी उजुरी गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा निवेदकले पुन: आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।